☎ ०४६-५४०३१०

बरहथवा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बरहथवा, सर्लाही
२ नं. प्रदेश नेपाल

मितिः-२०७५/२/१७

**विषय :-बजार तथा आन्तरिक आय ठेक्का सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकासित मिति २०७५/२/१७

उपरोक्त विषयमा यस कार्यालयको मिति २०७५/२/१६ गतेको निर्णय अनुसार आ.व.२०७५/०७६को लागि तपशिलमा उल्लेखित बजार, पोखरी तथा नदीहरुको शिलबन्दि बोलपत्र(टेण्डर) द्वारा ठेक्का लगाउनु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म वा व्यक्तिहरुबाट तपशिलमा उल्लेखित कुराहरु खुलाई यो सुचना प्रकाशीत भएको मितिले ३० दिन भित्र यस कार्यालयबाट फिर्ता नहुने गरी तपसिल मा उल्लेखित दस्तुर तिरी वोलपत्र खरीद गरी सिलबन्दी गरी यस कार्यालयमा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशीत गरीएको छ ।

.................................................
**राजकिशोर महतो**
प्रमुख प्रशासकिय अधिकृत

## शर्तहरु

१. वोल पत्र साथ ठेक्का लिने फर्म, संस्था ले फर्म इजाजत प्रमाण पत्रको प्रतिलिपि, पा नं./भ्याट नं. प्रतिलिपि, आ.व.०७३/०७४ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलगन राखी पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि पेस गर्नु पर्ने छ ।

२. वोल पत्र यो सुचना प्रकाशन भएको मितिले ३० औं दिन दिनको १२:०० बजेसम्म यस कार्यालयबाट खरीद गरी दर्ता गराई सक्नु पर्नेछ र ३१ औ दिन दिनको २ :०० बजे उक्त बोलपत्र यस कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि र ठेकेदारको रोहवरमा खोलीने छ । तर ठेकेदार प्रतिनिधि नआए पनि सिलबन्दी खोल्न बाधा पर्ने छैन ।

३. वोल पत्र साथ कबोल रकमको नेपाली नागरिकको हकमा ५% र विदेशी नागरिकको हकमा १०% ले हुन आउने धरौटी रकम ने.वै.लि. मलंगवा स्थित च.हि.नं. ०२९०३००००००००३०००१०५ धरौटी खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ ।

४. वोल पत्र सिलबन्दी नगरि वा म्याद भित्र प्राप्त हुन नआएका बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

५. एक फर्म वा व्यक्तिबाट खरिद भएको बोलपत्र अर्को व्यक्ती वा फर्मले प्रयोग गर्न सक्ने छैन ।

६. वोल पत्रमा दर रेट अंक र अक्षरमा प्रस्ट खुलाई पेश गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ

७. वोल पत्र खरिद गर्ने दाखिला गर्ने र खोलिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सो को भोलीपल्ट गरिने छ ।

८. ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार यस कार्यलयमा निहित रहने छ ।

९. यस सम्बन्धी अन्य कुराहरु प्रचलित आर्थिक ऐन-नियमावली बमोजीम हुने छ । यस सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

१०. ठेक्का अवधी पोखरीको हकमा आ.व.०७५/०७६ देखि आ.व.०७७/०७८ वर्ष ३ (तिन) का लागि र अन्य वजार तथा खोलाहरुको २०७५ श्रावण देखी १ गते देखि २०७६ आषाढ मशान्त सम्को वर्ष १ (एक) को लागि हुने छ ।

११. सरकारी, पेश्की, वेरुजु बाँकी रहेको व्यक्ती, फर्म लाई ठेक्का दिइने छैन ।

१२. ठेक्का स्वीकृत भए पछी कबोल गरेको सबै रकम एक मुष्ठ नगद यस कार्यालयको बैंक खाता मा बुझाई भौचर यस कार्यालयमा पेस गर्नु पर्ने छ । ठेक्का सम्झौता बमोजीमको रकम वर्ष भरिको एकमुष्ट बुझाउनेहरुलाई १०%छुट दिइने छ ।

१३. टेण्डर फारम यस कार्यालय, ईलाका प्रशासन कार्यालय बरहथवा र को.ले.नि.का.सर्लाही बाट प्राप्त गर्न सकिने छ ।